Samaj Anweshan Vol. 3, No. 2 : 18 Oct.2025-13 Apr. 2026
DOI : https://doi.org/10.3126/anweshan.v3i2.87552
Research Article
ISSN: 3021-9035 Print

# लङ्गडाको साथी उपन्यासमा सामाजिक यथार्थ

**डा. महानन्द जोशी**
mahanandjoshi2072@gmail.com


## लेखसार

प्रस्तुत आलेख लङ्गडाको साथी उपन्यासमा सामाजिक यथार्थको अध्ययनमा आधारित छ । यस अनुसन्धेय लेखमा प्रस्तुत उपन्यासलाई मुख्य विश्लेष्य सामग्रीका रूपमा चयन गरेर यस कृतिमा सामाजिक यथार्थको अभिव्यक्ति केकसरी भएको छ भन्ने प्रश्नमा केन्द्रित रहेर त्यसैको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ। सङ्कलित सामग्रीहरूको विश्लेषण सामाजिक यथार्थवादी सिद्धान्तमा आधारित सामाजिकता, वर्गीय जीवन, सङ्कटग्रस्त जीवन, समकालीन सन्दर्भ, वस्तुवादी चेतनाजस्ता मान्यतामा टेकेर विश्लेषणको ढाँचाअनुरूप विश्लेष्य उपन्यासको व्याख्या विश्लेषण गरेर निष्कर्ष निकालिएको छ । यस उपन्यासमा महाकाल बाबाको मन्दिर छेउमा बासस्थल बनाएको सधैँ दुइटा काठको सहायताले घस्रेर मागी खाने एउटा लङ्गडालाई विषयवस्तु बनाएर उपन्यासमा उसैको जीवनको यथार्थ चित्रण गरिएको छ । यस उपन्यासको मूल र केन्द्रीय पात्र लङ्गडाको जीवनमा घटेका दुःखद घटनालाई कारुणिक रूपमा प्रस्तुत गरिएको छ र मानवमा मानवीय गुण क्रमशः ह्रास हुँदै गएको अवस्थाप्रति औँला ठड्याउँदै सबैमा मानवीय गुणको खाँचो रहेको कुराप्रति विशेष जोड दिइएको छ । यसरी मुलुकबाहिर (२००४) उपन्यासबाट पहिलोपल्ट नेपाली उपन्यास परम्परामा यथार्थवादी चिन्तन समावेश गर्ने उपन्यासकार बाङ्देलले आफ्नो तेस्रो उपन्यास लङ्गडाको साथी (२००८) मा समेत सामाजिक यथार्थवादी चिन्तनको प्रयोग गरेका छन् भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ।



## शब्दकुञ्जी

सामाजिकता, वर्गीय जीवन, वस्तुवादी चेतना।


## विषय प्रवेश

लैनसिंह बाङ्देल १९८१–२०५९ नेपाली उपन्यास परम्परामा आधुनिक कालका महत्त्वपूर्ण उपन्यास स्रष्टा हुन् । उनका मुलुकबाहिर (२००४), माइतघर (२००७), लङ्गडाको साथी (२००८) र रेम्ब्रान्ट (२०२३) गरी चारोटा उपन्यास प्रकाशित छन् । उनले सामाजिक यथार्थवादी र जीवनीमूलक विषयवस्तुमा आधारित उपन्यास लेखेका छन्। उनका सुरुका तीनोटा उपन्यास सामाजिक यथार्थवादी विषयवस्तुमा आधारित छन् भने पछिल्लो उपन्यास जीवनीमूलक विषयवस्तुमा आधारित छ। उनको मुलुकबाहिर उपन्यासमा खास गरेर नेपालीहरू प्रवासिनाको पीडा र दार्जिलिङको पहाडमा गोठालो भएर जीवनयापन गर्दाको उकालीओराली प्रस्तुत गरिएको छ भने माइतघर उपन्यासले नेपाली समाज र संस्कारका मूल्यहरूलाई जस्ताको तस्तै लिएर दार्जिलिङको परिवेशमा पुगेका नेपाली जीवन पद्धतिलाई आत्मसात् गरेको छ । उनको अर्को महत्त्वपूर्ण उपन्यास रेम्ब्रान्टले फ्रान्सेली कलाकारको जीवनीलाई आधार बनाएको छ । यसरी उनले यी विभिन्न विषयवस्तुसँग सम्बन्धित उपन्यासहरू लेखेका छन् र त्यसमा पनि उनका सामाजिक विषयवस्तुमा लेखिएका उपन्यासहरू बढी सशक्त देखिन्छन्। सामाजिक यथार्थवाद आख्यान क्षेत्रमा विशेष प्रभावकारी रहेको र

समाज जेजस्तो छ; त्यसको चित्रण गर्ने वा समाजको यथार्थ, सत्य वा वास्तविक कुराको उद्घाटनमा जोड दिने सिद्धान्त हो।

लङ्गडाको साथी सामाजिक विषयवस्तुमा आधारित उपन्यास हो। यसमा एउटा लङ्गडाले झेल्नु परेका दुःखदर्दहरूलाई कथ्य विषयवस्तु बनाएर सामाजिक यथार्थको अभिव्यक्ति गरिएको छ। राजेन्द्र सुवेदीले लङ्गडाको साथी उपन्यासलाई सूक्ष्म आदर्शोन्मुखतातिर अभिमुख यथार्थवादी उपन्यास भनेर चर्चा गरेका छन् भने कृष्णचन्द्रसिंह प्रधानले यसलाई अतियथार्थवादी उपन्यासका रूपमा विश्लेषण गरेका छन्। यस्तै कृष्णहरि बराल तथा नेत्र एटमले लङ्गडाको साथी उपन्यासमा लङ्गडाको भावतरङ्गलाई सफलताका साथ अभिव्यञ्जित गर्दै अतियथार्थवादको समेत प्रयोग भएको कुरा उल्लेख गरेका छन्। यसरी यसका सम्बन्धमा गरिएका पूर्वकार्यहरूलाई हेर्दा यसलाई आदर्शोन्मुख सामाजिक यथार्थवादी, सामाजिक यथार्थवादी र अतियथार्थवादी उपन्यासका रूपमा चर्चा गरिएको पाइन्छ। तर यहाँ भने यो उपन्यासमा अभिव्यक्त सामाजिक यथार्थको मात्र अध्ययन गरिएको छ।

प्रस्तुत उपन्यासमा दार्जिलिङलाई कथास्थल बनाइएको छ। यसमा त्यहाँको सामाजिक जीवनको अभिव्यक्ति र त्यसमा पनि मन्दिरका छेउमा बसेको शारीरिक रूपले अपाङ्ग र मागेर जीवनयापन गर्ने एउटा निम्नवर्गीय लङ्गडाप्रति गरिएको दुर्व्यवहार केकस्तो रहेको छ र उसप्रति कुकुरद्वारा गरिएको मानवीय व्यवहार र उसका पीडा र विसङ्गत जीवन भोगाइका साथै आर्थिक र मानवीय समस्याबाट उत्पन्न जटिलता अनि सोही जटिलताबाट विकसित दुःखान्तको चित्रण केकसरी भएको छ भन्ने यो अनुसन्धानात्मक लेखको मुख्य शोधसमस्या हो। यसै समस्याको समाधानका निम्ति यस अध्ययनमा लङ्गडाको साथी उपन्यासमा अभिव्यक्त सामाजिक यथार्थ र त्यससँग सम्बन्धित विषयको विश्लेषण गरिएको छ। त्यसका लागि सामाजिक यथार्थवादी सैद्धान्तिक मान्यतामा आधारित सामाजिकता, वर्गीय जीवन, सङ्कटग्रस्त जीवन, समकालीन सन्दर्भ, वस्तुवादी चेतनाजस्ता अवधारणालाई आधार बनाइएर सोही आधारहरूमा रहेर उक्त उपन्यासको विश्लेषण र मूल्याङ्कन गर्ने उद्देश्य राखिएको छ।

## *अध्ययनविधि*

प्रस्तुत लेखका निम्ति आवश्यक सामग्रीको मुख्य स्रोत लैनसिंह बाङ्देलले लेखेको लङ्गडाको साथी उपन्यास हो। त्यसैले यसमा लेखको उद्देश्यअनुरूप सामग्री सङ्कलनका सोद्देश्य छनोट विधिका आधारमा विवेच्य उपन्यासको सूक्ष्म पठन गरेर आवश्यक सामग्री सङ्कलन गरिएको छ। यसका साथै बाङ्देलका उपन्यासका बारेमा लेखिएका पुस्तक, लेखटिप्पणी, कृतिसमीक्षा र सामाजिक यथार्थवादसँग सम्बन्धित अध्ययनलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ भने सङ्कलित सामग्रीको विश्लेषणका निम्ति सामाजिक यथार्थवादी दृष्टिकोणलाई आधार बनाइएको छ। प्रस्तुत उपन्यासमा सामाजिक यथार्थ केकसरी रूपायन भएको छ भन्ने कुरा देखाउन सामाजिक यथार्थवादका सैद्धान्तिक मान्यतामा आधारित सामाजिकता, वर्गीय जीवन, सङ्कटग्रस्त जीवन, समकालीन सन्दर्भ, वस्तुवादी चेतनाजस्ता अवधारणालाई उपन्यासको यथार्थवादी विश्लेषण पद्धतिका रूपमा पहिचान गरिएको छ। यसकै आधारमा उपन्यासका आधारभूत संरचक वा उपकरणका रूपमा रहेका कथावस्तु, चरित्र, परिवेश तथा भाषाशैली, जसमा सामाजिक यथार्थको टड्कारो अभिव्यक्ति भएको हुन्छ; तिनै संरचकहरूको वस्तुपरक विश्लेषण गरेर उपन्यासभित्रका सामाजिक यथार्थवादी आधारभूत प्रवृत्तिको निक्र्यौल गर्दै त्यसको निष्कर्षलाई अर्थापन गरिएको छ।

## *सामाजिक यथार्थवादका सैद्धान्तिक मान्यता*

दर्शन र साहित्यमा प्रचलित यथार्थवाद शब्द साहित्यमा सामाजिक यथार्थवादका रूपमा अभिव्यक्त भएको पाइन्छ। त्यसैले साहित्यमा ‘यथार्थवाद’ भन्नाले सामान्यतया समाजशास्त्रीय चिन्तनद्वारा प्रभावित सामाजिक यथार्थवाद नै बुझिन्छ। तर यसको बढ्दो प्रगति र प्रयोगले गर्दा यसको सैद्धान्तिक रूपमा वैविध्य देखा परेको छ। आज यथार्थवादलाई

सामाजिक यथार्थवादबाहेक समाजवादी यथार्थवाद, ऐतिहासिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद तथा विवेचनात्मक यथार्थवाद जस्ता विभिन्न शाखामा विभाजित गरिन्छ (जोशी, २०५५, पृ.६६२) । सामाजिक यथार्थवाद सैद्धान्तिक प्रतिमानका साथ समाजमा निहित रहेका वस्तुसत्यलाई इन्द्रियप्रत्यक्ष ज्ञानका आधारमा कलात्मक सौन्दर्य व्यक्त गर्ने विचार हो। समयअनुसार युग जीवनमा परिवर्तित हुने सांस्कृतिक, भौगोलिक, आर्थिक, भाषिक र सामाजिक सम्बन्धलाई निष्ठापूर्वक ग्रहण गरेर तटस्थ द्रष्टाको भूमिका निर्वाह गर्ने सिद्धान्तलाई नै सामाजिक यथार्थवादका नामले चिनिन्छ। भौतिक जगत्का खोज–अनुसन्धानलाई प्रयोगात्मक र परीक्षणमूलक तथ्यमा विश्वास गर्ने तथा रचनात्मक सान्दर्भिकतामा विशेष ध्यान दिने काम यसमा रहने गर्दछ । यस वादमा दृश्यमान वस्तुजगत्बाट समाज–जीवनको यथार्थ रूप ग्रहण गरेर कुशल शिल्पीले झैँ आफ्ना कलामा प्रस्तुत गरेर जीवन्त रूप प्रदान गरी समाजसमक्ष प्रस्तुत गर्ने सैद्धान्तिक स्वरूप रहन्छ। सामाजिक यथार्थवादी लेखकले सामाजिक जीवन र समाजका बिचमा अन्तः मूल्यका बिचको सम्बन्धलाई स्थापित गराउन अनेक प्रयास गर्दछ।

मूलतः सामाजिक यथार्थवाद पश्चिमी साहित्यको वशाल फाँटमा उन्नाइसौँ शताब्दीमा उदाएको दार्शनिक र साहित्यिक चेतनापूर्ण चिन्तनको उपज हो । साहित्यका क्षेत्रमा बालजाकबाट सामाजिक चेतनाको प्रयोग भएको हुँदा यसको उदय फ्रान्सबाट भएको स्वीकार गरिएको छ। बालजाकको सामाजिक यथार्थको प्रयोग समाज–विकासका लागि इतिहास निर्माण गर्ने वैज्ञानिक मत (श्रेष्ठ, २०३९, पृ.५६) मानिएको छ। यो प्रयोगले चेम्पफ्लोरी र फ्लुबर्टसम्म आइपुग्दा कला साहित्यमा पूर्णता प्राप्त गरेको पाइन्छ। त्यसैले फ्रान्सेली साहित्यमा यसको अध्ययन र प्रयोग चेतनायुक्त मान्य चिन्तनका साथ अतिमहत्त्वपूर्ण स्वीकार गरी कलासाहित्यमा निर्देशित रहन गएको छ।

सामाजिक यथार्थवादमा कुनै आग्रह अथवा पूर्वाग्रह विना समाजका वस्तुलाई र त्यसमा निहित रहने अस्तित्वलाई साहित्यकारको लेखनीले स्पर्श गर्नु र कल्पनापूर्ण चेतनाद्वारा त्यसमा रङ संयोजन गर्न अनिवार्य हुन्छ (सिंह, सन् १९६५, पृ.२३२) । यसले सामाजिक यथार्थवादमा सम्बन्ध तथा व्यवहारपरक चिन्तनलाई समान अवस्थामा उठाएको हुन्छ भन्ने देखाएको छ। यसबाट समाजप्रतिको धारणामा सूक्ष्मतर दृष्टि जागृत हुन जान्छ । लौकिक संसारलाई वास्तविक सत्य ठानेर निम्नवर्गीय चरित्रलाई प्राथमिकता दिने काम यसमा रहन्छ। सामाजिक यथार्थवादमा गतिशील वास्तविकतालाई आत्मसात् गर्नुको तात्पर्य समाज र जीवनको ठोस सत्तालाई स्वीकार गर्नु पनि हो। यसलाई साक्षात्कार गर्दै साहित्यमा कथा र उपन्यासको जन्मका सम्बन्ध समाजसापेक्ष भएर जोडिएको छ। यी दुई विधाहरूको अन्तर्सम्बन्ध सामाजिक यथार्थवादसँग पूरै जोडिएको हुन्छ। सामाजिक यथार्थवादमा एकातिर समाजमा जरो गाडेर बसेका चिन्तनमूल्य के छ भनेर तिनका अन्तरङ्ग खोजी गरिएको हुन्छ भने अर्कातिर सामाजिक मूल्यमान्यतालाई उठाउन सदियौँदेखिका समयसापेक्ष रूपमा परिवर्तन नभएका आदर्शका स्वरूपलाई अस्वीकार पनि गरिएको हुन्छ। सामाजिक यथार्थवादले जीवन प्राप्त गर्ने र आफू अडिने आधार प्रादेशिक वातावरण, समकालीन परिस्थिति र समाजलाई बनाएको हुन्छ । लेखकले समाजका विषयलाई प्रत्यक्षीकरण गरी आफू संलग्न हुँदाहुँदै पनि सामाजिक यथार्थवादी चित्रणमा ऊ असंलग्न रहने प्रक्रिया हुन्छ। सबै अनुभव व्यक्तिले गरे पनि अभिव्यक्तिमा लेखकीय उपस्थिति आलोचनापूर्ण मानिन्छ । त्यस्तै वस्तुतः सत्य छोइदिएर पनि छुनेलाई नपाउनु; यथार्थ देखाइदिएर पनि देखाइदिने नदेखिनु; यस्तो छ हाम्रो समाज, हाम्रो जीवन, हाम्रो अवस्था भनिदिएर पनि भन्नेलाई नभेट्टाउनु उसको हुनुको अविस्मृत उपस्थिति हो (प्रधान, २०७७, पृ.९१)। यसले सामाजिक यथार्थवादमा लेखक तटस्थ रहने कुरा प्रष्ट गरेको छ। यसले सामान्य मानसिकताका आधारमा जीवनका स्तरलाई पर्यवेक्षण गर्ने र वर्गीय दृष्टिले निम्नवर्ग र निम्नमध्यमवर्गको जीवन जिउन बाध्य हुने चरित्रको यथार्थलाई सामाजिक यथार्थवादले आफ्नो स्वरूप बनाएर कलासाहित्यको कलेवर निर्माण गर्दछ।

समाजलाई चलायमान गराउन सक्ने सामर्थ्य भाषामा रहन्छ। हिजोका तथ्यपरक चिन्तनलाई आजको समाजले पूर्णताका साथमा कदापि उठाउन सक्दैन । सामाजिक यथार्थवादले समकालीन भाषाको प्रयोगमा जोड दिएको पाइन्छ। यसमा समाज र जीवनका तथ्यलाई पहिल्याउनका लागि भाषाका सरल रूपको आग्रह गरिएको हुन्छ। समाजका अपठित पात्रले व्यवहार गर्ने र तिनीहरूसँग नजिकको सम्बन्ध राख्ने शब्द छनोट गर्नु सामाजिक यथार्थवादको विषयभित्र पर्दछ। भाषाका क्षेत्रीय भेदको सामान्य प्रभाव सामाजिक यथार्थवादमा ग्राह्य मानिन्छ। यसले भूगोल र निश्चित वर्गमा आफ्नो पकड बनाएका शब्द अपनाउन हिचकिचाउँदैन । यसमा उखान र टुक्काको अर्थपरक संयोजनका साथै व्यक्तिको बोली प्रयोगमा ल्याउने काम हुन्छ र भाषाले अपेक्षा गर्ने समाज र समाजले अपेक्षा गर्ने भाषा दुवैको सन्तुलित प्रयोग गर्ने आग्रह हुन्छ र जीवनजगत्का यथार्थ प्रतिच्छाया भाषाभित्र समाहित हुन्छन् ।

सामाजिक यथार्थवादमा स्वच्छन्दतावादी अत्यन्तै आत्मपरकता, अतिभावुकता वा अतिकाल्पनिकता, रहस्यात्मकता, आद्भुतिकताजस्ता अवस्तुवादी प्रवृत्तिहरूको टड्कारो विरोध गर्दै वस्तुपरकता, सामाजिकता, नियन्त्रित अथवा न्यून काल्पनिकता, वास्तविकता, सामान्यताजस्ता प्रवृत्तिहरूको अनुसरण गरिन्छ। यसमा स्वच्छन्दतावादी अमूर्तताको सट्टा मूर्तता, आवेगसंवेगको सट्टा बुद्धिविवेक, अवचेतनको सट्टा चेतन, सुन्दरको सट्टा सत्य वा यथार्थ, अतिवैयक्तिकताको सट्टा निर्वैयक्तिकता, अन्तर्मुखीको सट्टा बहिर्मुखी, अतीतको गौरवको सट्टा वर्तमानको विद्रूपता जस्ता विपरीत तर वस्तुगत मान्यता पाइन्छन् । समाज र जीवनको यथार्थता तथा वस्तुस्थितिको वास्तविकतालाई पूर्णतया इमानदारीका साथ चित्रण गरिनुका साथै विषयवस्तुहरू यथार्थ र वास्तविक रूपमा जेजस्ता छन्, ठिक त्यस्तै रूपमा तिनको अङ्कन गरिएको हुन्छ (जोशी, २०५५, पृ.६७१) । त्यसैले सामान्य जीवनका प्रतिरूपलाई स्थापना गर्ने अनि उसको समाज जीवनको इमानदारीपूर्वक वस्तुपरक चित्रण गर्नु सामाजिक यथार्थवादी लेखनको सबल मान्यता हो ।

सामाजिक यथार्थवाद वस्तुवादी चेतनामा आधारित हुने भएकाले यसमा अतिशय भावुकतामा रमाउने वर्गका चिन्तनलाई अभिजात्य वर्गका गुणगान र तिनका सौन्दर्यले समाजमा पार्ने प्रभावका विषय कदापि स्वीकार गरिँदैन । यसमा समाजमा आर्थिक दृष्टिले पछाडि परेका निम्नवर्गका चरित्रलाई र तिनबाट प्रक्षेपण हुन आउने सत्यलाई कला सृजनामा प्रतिविम्बित गर्ने काम गरिएको हुन्छ । स्वकीय सत्ता स्थापनाका लागि सामाजिक यथार्थवादले सङ्कटग्रस्त जीवनले बेहोर्ने सम्बन्धपरक आधारलाई वर्गीय मान्यता बनाउँछ। तसर्थ सामान्य मानसिकताका भरमा जीवनयापन गर्ने र निम्नवर्गको जीवनशैलीमा जीवन बिताउन बाध्य भएकाहरूको यथार्थ अङ्कन गर्नु नै सामाजिक यथार्थवादको वर्गीय मान्यता हो (मिश्र, सन् २०००, पृ.११०) । त्यसैले सामाजिक यथार्थवादले समाजका पिछडिएका वर्गका दुःखद जीवनलाई विशेष महत्त्वका साथ चित्रण गर्ने हुँदा निम्न तथा निम्नमध्यम वर्गीय परिवारमा यो बढी केन्द्रित हुन्छ ।

यसप्रकार सामाजिक यथार्थवाद समकालीन समाजमा स्थापित भएका मूल्यमान्यतालाई आत्मसात् गर्दै अगाडि बढ्ने वस्तुपरक चिन्तन हो । यसमा समाजमा विद्यमान रहेका प्रारूप पर्यवेक्षण गर्न स्वीकार्य प्रतिमानहरूको प्रयोग हुन्छ । सामाजिक यथार्थवादमा कलाको आधार समाज, समाजको आधार भाषा, भाषा र समाजलाई निरन्तर गतिशील बनाउने चरित्रका समकालिक सन्दर्भलाई कुनै आग्रह पूर्वाग्रह विना साहित्यमा स्थापित गर्ने चिन्तन पाइन्छ । सामाजिक यथार्थवादमा वैज्ञानिक खोज–अध्ययन तथा भौतिक जगत्का परिवर्तनका प्रारूपलाई समाज, भूगोल र युगअनुसार विश्लेषणका कारक परिवर्तन गरेर सौन्दर्यपरक चिन्तन दिन सक्ने सामर्थ्य रहन्छ। समाज विकासको आधार भाषा, संस्कृति, अर्थ र राजनीति मानिन्छन्। त्यसैले गोचर तथ्य र अन्तरङ्ग तथ्यको तन्मयतालाई समकालीनताका साथमा प्रस्तुत गर्नु नै सामाजिक यथार्थवादको निर्णयात्मक निष्कर्ष मानिन्छ ।

## *कथावस्तुमा निहित सामाजिक यथार्थ*

लैनसिंह बाङ्देलको लङ्गडाको साथी (२००८)

उपन्यासमा नेपाली समाजको बिडम्बनापूर्ण जीवन बेहोरेको एउटा मानवको दारुण कथालाई उपन्यस्त गरिएको छ। दार्जिलिङे मगन्ते लङ्गडाको जीवनसन्दर्भ नै यसको कथावस्तु बनेको छ। ऊ न जन्मजात लङ्गडो थियो न त मगन्ते थियो। उसको जन्मघर तीन नम्बर नेपाल थियो। ऊ दुई छाककै समस्याले १६ वर्षको हुँदा कामको खोजीमा मुग्लान पसेर कसैकहाँ गोठालोको काम गर्दथ्यो । एक दिन झरीमा पहरानिरको रुखमा चढी घाँस झार्न लाग्दा रिँगटा लागेर खसेपछि उसको एउटा खुट्टा काम नलाग्ने भयो। पछिपछि अर्को खुट्टो पनि कुँजिदै गयो। त्यसपछि दुई हातले घिस्रिदै दार्जिलिङको सहरबजार र महाकाल बाबाको मन्दिरतिर भौंतारिएर उसले दयाको भिख माग्दै जीवन गुजार्नु पर्‍यो। समाज आधारभूत रूपमा ऊप्रति न सहानुभूतिशील छ न सहिष्णु छ। एकाध व्यक्तिले दया देखाएर दुईचार पैसा दिए पनि धेरैले घृणा र उपेक्षा नै प्रदर्शन गरेका छन् । कतिपयका लागि ऊ भुइँभालुका रूपमा हाँसो वा घृणित मनोरञ्जनको पात्र बनेको छ। मानिस भएर पनि ऊ मानव समाजबाट अलग्याइएको पात्रका रूपमा प्रस्तुत छ।

प्रस्तुत उपन्यासमा शारीरिक रूपमा अशक्त तथा विपन्न मगन्ते लङ्गडाका विविध विवशता, बाध्यता र विद्रूपतालाई विशेष महत्त्वका साथ चित्रण गरिएको छ। लङ्गडो हुनुपूर्वको उसको जीवनकथा यहाँ पूर्वदीप्ति शैलीमा सारै सङ्क्षेपमा आएको छ भने लङ्गडो भएपछि बेहोर्नुपरेका विडम्बनापूर्ण सामाजिक अवस्था सविस्तार प्रस्तुत गरिएको छ। यस क्रममा उपन्यासकार लैनसिंह बाङदेलले नेपालीहरूले मुग्लान पस्नुपरेको बाध्यतालाई लङ्गडाकै जीवनसन्दर्भबाट यसरी सङ्केत गरेका छन्– खान लाउन राम्रो पुगे नेपाल छोडेर किन मुग्लान पस्नु पर्थ्यो ? (पृ. २७)। यस अभिव्यक्तिमा नेपालमै खान लाउन पुगेको भए नेपालीहरू विदेशिन बाध्य हुने थिएनन् भनिएको छ। यसमा त्यसकै अभावका कारण नेपालीहरूले मुग्लान पस्नु परेको विवशता उल्लेख गरिएको छ। मुग्लान पसेर पनि जोखिमपूर्ण श्रम नगरी बाँच्न सक्ने अवस्था नभएको अवस्थातर्फ पनि यसमा सङ्केत गरिएको छ। त्यसैले अर्काका घरमा गोठालो बस्ने, रातदिन कठिन श्रममा सक्रिय भइरहनुपर्ने, झरीमा पनि पहाडपहराका रुखबाट घाँस झार्नुपर्ने, त्यहाँबाट खसेपछि अङ्गभङ्ग हुने तथा ज्यानै जाने जोखिम रहने, अङ्गभङ्ग भयो भने पनि उपचार नपाउने जस्ता दुर्दशापूर्ण जीवनको सङ्केत लङ्गडाको जीवन भोगाइबाट भएको छ। उसका दुवै खुट्टा काम नलाग्ने हुनुका पछाडि उससँग उपचार गर्ने सामर्थ्य नहुनु नै हो। यहाँ जोखिमपूर्ण श्रममा लगाउने तर दुर्घटना बेहोरे उसको संरक्षण नगर्ने बरु सजिलै पन्छाइदिने स्वार्थी समाजव्यवस्थाको सङ्केत रहेको छ। यसैले गर्दा श्रमजीवीको जीवन अन्ततः भुइँभालु वा मगन्तेका रूपमा परिणत भएको छ। जीवननिर्वाहका लागि उसका अन्य सबै सम्भावना समाप्त भएका छन्। यसप्रकार उपन्यासको कथावस्तुले जीवनका यसखाले बाध्यता बेहोरेको लङ्गडालाई केन्द्रमा राखेर उसका भोगाइमार्फत सामाजिक यथार्थको प्रस्तुति गरेको छ।

प्रस्तुत उपन्यासमा सामाजिक कुरूपताको पाटो टड्कारो रूपमा प्रकट भएको छ। यसले समाजमा चोर र बेइमानीहरूको बिगबिगी रहेको देखाएको छ। तिनीहरू मगन्ते लङ्गडाजस्ताले दयाको भीख मागीमागी बल्लतल्ल सँगालेको केही पैसा र कपडा पनि चोर्न पछि परेका छैनन्। अशक्त मानव लङ्गडाको टीठलाग्दो अवस्था देखेर समाजका सभ्य भनाउँदा मानिसहरू उसप्रति सहानुभूतिशील हुनुको सट्टा उल्टै उसका नजिक पर्न नचाहने र परिहाले छिःछिः र दुर्दुर् गर्ने गरेको देखिन्छ। सहरका गाडी चालकहरूले पनि त्यस्ता मानिसको अशक्ततालाई ख्याल नगरी गाडी चलाउने गरेको पाइन्छ। यस्तै सभ्य भनाउँदा सहरका मानिसहरूले लङ्गडाका बिग्रेका अङ्गहरू देखाएर ठट्टा गर्ने, बदमास केटाहरूले उसलाई भुइँभालुभुइँभालु भनेर गिज्याउने, विरक्त पार्ने, हिउँका डल्लाले मनपरीसँग उसलाई हिर्काएर मनोरञ्जन लिने, समाजको संरक्षण गर्ने ठानिएका पुलिस पनि उसका लागि आतङ्कका रूपमा प्रकट हुने, वर्षाको ओत लाग्न खोज्दा पसलेहरूले आफ्नो पसलमा पस्न नदिने, राति ओत लाग्न पुग्दा ठाडो सिँढीबाट मुन्ट्याइदिने जस्ता धेरै अमानवीय र क्रूर व्यवहार गरेको देखिन्छ। त्यसैले त संसारले आफूमाथि त्यस्तो अत्याचार

गरेको सम्झँदा, दुर्व्यवहार गरेको देख्दा तथा आफूलाई उपहासको पात्र बनाएर अभद्र व्यवहार गरेको चाल पाउँदा मानिसप्रति नै उसको हृदयमा प्रतिशोधको भाव निस्केको पाइन्छ। वास्तवमा मानव समाजै एउटा विपदग्रस्त मानवको अस्तित्व समाप्त पार्न वा म पनि मानिस हूँ भन्ने उसको चेतना खण्डित गर्न तल्लीन रहेको दुःखद सामाजिक यथार्थ यसमा प्रस्तुत गरिएको छ। यस्तै उपन्यासमा मान्छे आधुनिकताका नाममा दिनप्रतिदिन उत्ताउलो, दुर्व्यसनी, अश्लील र चरम विलासी बन्दै गएको जस्ता विषय पनि समेटिएको छ। यस उपन्यासमा निबु निचोरेजस्तो निस्तेज अनुहार भए पनि केटाले अङ्ग्रेजको जस्तो फेसन गर्ने, केटीले अनुहारमा पाउडर, क्रिम र ओठमा लिपिस्टिक दली जापानी पुतली जस्तो फेसन गर्ने तथा दुवैले चुरोट तान्दै हिँड्ने, सिनेमाहल र रेस्टुराँ धाउने, केटाहरू रक्सीले मात्तिएर अरूलाई धक्का दिँदै हिँड्ने, सामान्य मानिसलाई आतङ्कित गर्ने, गल्लीभित्र जाँडरक्सीको व्यापार गर्ने जस्ता समाजका हीन सामाजिक यथार्थ प्रकट भएका छन्।

प्रस्तुत उपन्यासमा एकातिर विपन्न र अशक्त वर्गका आफ्नै दुःखेसा र पीडाहरूको बयान तथा अर्कातिर वर्गीय जीवनको चित्रणका साथै प्रतिरोधी चेतनासमेत प्रकट भएको पाइन्छ। यसमा निम्नवर्गका मात्रै नभएर उच्चवर्गका पात्रहरू पनि प्रयोग गरिएको पाइन्छ। सहरका तथाकथित भलाद्मीहरू पसल र रेस्टुराँमा रहेर लङ्गडाको दुःख देखी हाँस्नेहरू, पुलिस अफिसरहरू, अट्टालिकामा बस्नेहरू जस्ता उच्चवर्गका पात्रहरू यहाँ रहेका छन्। यसमा एकातिर यी पात्रहरूको विपन्न तथा अशक्त वर्गप्रतिको घृणा अथवा उपेक्षाभाव प्रकट भएको छ भने अर्कातिर लङ्गडामा रहेको तिनीहरूप्रतिको चरम घृणाभाव पनि बेलाबेला प्रस्तुत भएको छ। आफ्ना बिग्रिएका अङ्गहरू देखाएर ठट्टा गर्ने भलादमीहरूप्रति भयङ्कर घृणा तथा प्रतिहिंसाको ज्वाला मिसिएको आँखाले हेर्ने र भुइँभालु भनी विरक्त पार्नेहरूप्रति बदला लिन नसक्दा मनमनै भुटभुटिएर चित्त दुखाउने लङ्गडाका मनोदशालाई यसमा अभिव्यक्ति गरिएको छ। समाजका विपन्न तथा अशक्त वर्गको अन्तर आक्रोशलाई उपन्यासकार लैनसिंह बाङ्देलले यसरी सङ्केत गरेका छन्–

*गरीबले गरीबकै कष्ट बुझ्दछ। धनीहरू जो मोटरमा हावा खाइहिँड्छन्, जो होटलतिर मीठोमीठो खाने थोक खाइहिँड्छन्, जोसित आज हजारौँ लाखौँ रुपियाँ छ, के कुनै दिन उनीहरूले यो विचरा माग्नेले भरपेट खाएको होवैन भनी संझेर एक दिन यसो ख्वाएको छ ? ओहो ! माग्नेलाई हेरेर गरीबहरूलाई देखेर कुनै दिन मनमा दया जागेको छ ? दुनियाँमा स्वांग गर्न पाए मोराहरू खुसी हुन्छन् । बरू गरीबकै मनमा गरीबमाथि दया जाग्दछ* (पृ. ११)।

उपर्युक्त उद्धरणमा गरिबले गरिबको दुःख कष्ट बुझेको हुन्छ भन्दै गरिबप्रति धनीको नभएर गरिबकै सहानुभूति रहने कुरा व्यक्त गरिएको छ। धनीहरू आफू विलासितामा रमाउँछन् र मिठामिठा खानेकुरा खान्छन्, तर गरिबले एक छाक खायो कि खाएन भनेर सम्झेर गरिबका दुःखमा साथ दिँदैनन् । बरु गरिबकै मनमा गरिबमाथि दया जागेको पाइन्छ भन्दै यसमा वर्गीय जीवनको प्रस्तुति गरिएको छ। आलिसान महलबाट र सुकिला मान्छेका महलबाट मानवता अब भागेको छ (२०५३, पृ.८९) भन्ने राजेन्द्र सुवेदीको विश्लेषणात्मक भनाइले पनि यस विषयको पुष्टि गरेको छ। प्रस्तुत उपन्यासमा कोइला बोक्ने कुल्लीले लङ्गडाप्रति देखाएको सहानुभूति र हुनेखाने भनाउँदा धनी वर्गले उसलाई गरेको घृणाबाट पनि यही कुराको सङ्केत गरेको पाइन्छ। यस्तै समाजमा धनी र गरिबका बिचमा रहेको अन्तरका विषयमा लेखिएको छ– ऊ झोक्रिरहेको त थियो, तर उसका दुवै आँखाले सडकमा हिँड्ने ती मानिसहरूलाई, जो लङ्गडाभन्दा धेरै सुखी थिए, हेरिरहेका थिए। उनीहरूको जीउमा हेरेर उसले आफ्नो फाटिसकेको लुगातिर पनि हेऱ्यो......आज उसलाई आफ्नो संसार कस्तो कस्तो लाग्यो (पृ. ६२)। यस भनाइमा एकातिर सम्पन्न र सुखी मान्छेको चित्रण गरिएको छ भने अर्कातिर लङ्गडाको दयनीय जीवनको चित्रण गरिएको छ। यसमा यिनै उच्चवर्ग र निम्नवर्गका वर्गीय जीवनको प्रस्तुति भएको छ। यस्तै लङ्गडाको आफ्नो र धनी वर्गको आर्थिक अवस्थाबिचको अन्तर्सम्बन्धी कथन 'मैले दिन प्रतिदिन अरूले दिएको

भिक्षाले पेट भर्न पर्छ। ती असलअसल घर र अट्टालिकामा बस्ने धनी अलमस्तिहरू मोटरमा हावा खान्छन्; रेस, सिनेमा, होटल, नाच गानमा भुलिरहन्छन्' (पृ. ६३) बाट पनि वर्गीय विभेदको थप पुष्टि हुन गएको छ। वास्तवमा यहाँ एकातिर फेसन गर्ने, होटल, रेस्टुराँ, सिनेमाहरूमा धाउने उच्चवर्गीय विलासी संस्कृति र अर्कातिर दुध बेच्ने, गोरुगाडा चलाउने, कोइला बोक्ने र माग्दै हिँड्ने जस्ता निम्नवर्गीय श्रममा आधारित संस्कृति पनि समानान्तर रूपमा प्रकट भएका छन्।

प्रस्तुत उपन्यासमा लङ्गडाजस्ता अशक्त वा निम्नवर्गले अमानवीय सोच भएका सम्पन्न वा उच्चवर्गका विरुद्धको प्रत्यक्षः वर्गीय सङ्घर्ष नदेखिए पनि अप्रत्यक्ष रूपमा उसका आक्रोशपूर्ण मानसिक संवेगका माध्यमबाट त्यो भावना प्रकट भएको छ। लङ्गडाले सबैलाई देखाएर तथा सुनाएर मिठाई पसलबाट मिठाई अडर गर्नु, त्यसका लागि आफ्नो रुमालबाट पैसा झिकी फ्याँकिदिनु, साथी कुकुरलाई मासु र भात खुवाउनु र उसका अगाडि सेल फ्याँकिदिनुजस्ता व्यवहारबाट एकै दिन भए पनि उसले हुनेखाने र आफूलाई घृणा र उपेक्षाका भावले हेर्नेहरूप्रति एक किसिमको प्रतिशोध लिएको देखिन्छ।

प्रस्तुत उपन्यासमा अशक्त लङ्गडाको दारुण कथा विशेष महत्त्वका साथ प्रकट गरिएको छ। बाङ्देलका मुलुकबाहिर र माइतघर उपन्यासमा झैँ यसमा पनि निराशावादी जीवनदृष्टिको अभिव्यक्ति भएको छ भन्ने कुरा यसमा देखापरेको समाजको तिक्त तिरस्कारको वर्षा र साथी भनेको एउटै भतुवा कुकुरसँगको पनि बिछोडले आक्रान्त लङ्गडामा जिजीविषाको भावना ह्रास हुँदै गएको अवस्थाले पुष्टि गरेको छ। 'मजस्ता माग्नेका निम्ति यो संसार होइन रहेछ। म अहिले संसारको भारले–मानव अत्याचारले कसरी थिचिएको छु...अब यो संसारदेखि जति चाँडो बिदा लिन सकुँला उति मेरो निम्ति राम्रो छ' (पृ. ६४) भन्ने लङ्गडाको भनाइले पनि उसको गरिबीको सङ्केत गरेको छ। यस्तै उपन्यासमा लङ्गडाको अभावमा कुकुरको बेचैनी र केही समयपछि उसको मृत्युको स्थितिले पनि निराशावादी जीवनदृष्टि अभिव्यक्त भएको छ।

## *चरित्र र चरित्रचित्रणमा निहित सामाजिक यथार्थ*

लङ्गडाको साथी उपन्यासमा प्रयुक्त पात्र र तिनका चरित्रहरू सामाजिक यथार्थअनुरूप नै प्रस्तुत गरिएको पाइन्छ। प्रस्तुत उपन्यासको प्रमुख पात्र लङ्गडो तद्देशीय समाजमा देखिरहने यथार्थ नै हो र उपन्यास लेखिसकेपछि पनि सन् १९५४ सम्म ऊ सोही ठाउँमा देखिने गरेको बुझिन्छ (राई, २०३१, पृ.९३)। यसमा उपन्यासकारले लङ्गडाको चरित्रचित्रण यसरी गरेका छन्– घामले डढेर उसको अनुहारमा चाँया पनि परिसकेको थियो। उसको हिसि परेको अनुहार बिस्तारबिस्तार उमेर ढल्कँदै जाँदा चाउरी पर्दै गएको देखिन्थ्यो। उसको निधारमा धेरै रेखाहरू देखिन्थे (पृ. २८)। यो भनाइमा लङ्गडाको महत्त्वपूर्ण बाह्य र आन्तरिक चरित्र उद्घाटित गरिएको छ। यस्तै बिहान उठ्नेबित्तिकै बिँडी तान्ने, त्यसपछि झोली देब्रे काँधमा भिर्ने, कालो चिल्लो लौरो दाहिने काखीमा च्याप्ने, खुट्टामा फाटिसकेका क्यानभासका जुत्ता लगाउने, सुकेका दुवै पाँसुला माथिमाथिसम्म पुग्ने गरी फाटिसकेको पट्टि बेर्ने, सुकेर खुम्चिएका दुवै खुट्टालाई धसार्दै दुवै हातका काठका सहायताले अगाडि बढ्ने, मैला गन्हाउने च्याथ्राच्याथ्रा भइसकेका कपडा लगाउने, जाडामा थुरथुर काम्ने आदि उसका बाह्य गतिविधि र उठ्नेबित्तिकै गम्भीर चिन्तामा डुब्ने, सहरका बदमास केटाहरूले सताउँदा, भलादमी भनाउँदाहरूले घृणा, उपेक्षा र तिरस्कार गर्दा, एक्लो साथी भनेको कुकुर हराउँदा आदि अवस्थामा देखिने लङ्गडाका तीव्र आन्तरिक संवेदनशील गतिविधिको चित्रणका माध्यमबाट सामाजिक यथार्थको प्रस्तुति गरिएको छ।

प्रस्तुत उपन्यासको प्रमुख पात्र लङ्गडो विपन्न, अशक्त, अशिक्षित र आस्तिक भए पनि आफूप्रति भएको सामाजिक अन्यायपूर्ण व्यवहारको बोध गर्न नसक्ने छैन। अरू मगन्तेहरूको गफ सुनेर ऊ आफूलाई तिनीहरूभन्दा धेरै बाठो ठान्दछ। ऊ बाह्य सङ्घर्ष गर्न असमर्थ भए तापनि आफूप्रति भएको अन्यायको प्रतिकार गर्न नसकेर भित्रभित्रै निकै भुटभुटिने गरेको देखिन्छ। ईश्वरको न्यायमा पूर्ण विश्वास राख्ने भए पनि आफूले बेहोरेको दुर्दशा देखेर परमेश्वरले आफूमाथि अवहेलना र अन्याय गरे जस्तो ठानेको छ (पृ. ६३)।

यस किसिमको अर्न्तद्वन्द्व र सङ्घर्ष पात्रको चरित्रचित्रणमा प्रस्तुत गरिएको हुँदा यसले पात्रको चरित्रमा अन्तर गतिशीलता देखाएको छ।

प्रस्तुत उपन्यासमा सहायक पात्रका रूपमा रहेको कुकुरका बाह्य र आन्तरिक गतिविधि थोरै छन्। तर ती पनि सामाजिक यथार्थवादको राम्रो कलासिप भएका स्रष्टाले झैँ प्रस्तुत गरिएको छ। यस विषयमा प्रस्ट पार्दै उपन्यासकार लेख्दछन्– त्यसले मुख भरी बिडीको धुवाँ तानेर कुकुरको नाकमा फू गरेर फुकिदियो। त्यति गरेपछि बल्ल त्यो कुकुर पनि कान फट्फटाउँदै उठ्यो, मन नपरी–नपरी आङ तन्कायो अनि लामो जिभ्रो निकालेर हाई काढ्दै त्यस मानिसको मुखमा पुलुक्क हेऱ्यो (पृ. ५)। यसमा लङ्गडा तथा कुकुरका चारित्रिक गतिविधि प्रस्तुत गरिएको छ र लङ्गडाको मृत्युपछि ऊ बस्ने ठाउँतिर गएर उसलाई खोज्दै यताउता गरेको कुकुरका क्रियाकलाप वा उसमा देखिएको मानसिक छटपटी पनि अत्यन्तै स्वाभाविक तर आकर्षक रूपमा प्रस्तुत गरिएको छ। यस्तै उपन्यासका अन्य प्रासङ्गिक पात्रहरूको चरित्र पनि सामाजिक यथार्थ परिस्थितिअनुरूप नै सङ्केत गरिएको देखिन्छ। यसमा आएको घरमालिकले उच्चवर्गको प्रतिनिधित्व गरेको छ। रातको अँध्यारोसँगै बतासपानी आउँदा सुरक्षाको खोजीमा एउटा घरको दलानमा पस्दा घरमालिकले कोइला चोर्न आएको भनेर लङ्गडालाई हुत्याइदिँदा हिलोमा गाडिएर बेहास भएको घटना प्रस्तुत गरिएको छ। यसले पनि असमान आर्थिक सामाजिक संरचनाका कारण समाजमा रहेको वर्गीय शोषण पुष्टि गरेको छ। यसप्रकार उपन्यासका प्रमुख, सहायक र गौण पात्रहरूको प्रस्तुति यथार्थपरक रूपमा गरिएको हुँदा ती बढी स्वाभाविक, विश्वसनीय र मौलिक बलेका छन्।

## *परिवेशमा निहित सामाजिक यथार्थ*

लङ्गडाको साथी उपन्यासमा देश वा कार्यपीठिकाका रूपमा दार्जिलिङकै सेरोफेरो र तत्कालीन मानवीय सोचका कुरूपता प्रस्तुत भएका छन्। यसमा तत्कालीन समयमा देखिने महाकाल बाबाको मन्दिर, जितेन झोडाको हावा महल, चौरस्ता, विचउड रोड, टाउन हल, स्टेसन, क्यापिटल सिनेमा घर, माउन्ट प्लेजेन्ट रोड, डाँक घर, रक्सी बेच्ने गड्डी खानाको साँगुरो गल्ली, त्यहीँभित्र बनाएको लङ्गडो बस्ने टिनको छाप्रो, म्युनिसिपल बिल्डिङ, हाइस्कुलदेखि धेरै तलको मुर्दा पोल्ने ठाउँ आदि स्थान मुख्य रूपमा देखा परेका छन्। यीबाहेक फालेलुङ डाँडा, कञ्चनजङ्घा हिमाल, महाकाल बाबाको मन्दिरबाट देखिने भोटे बस्ती, जुबिली सेनिटोरियम आदि स्थान गौण रूपमा आएका छन्। समयका बारेमा स्पष्ट किटान नभए पनि यसको प्रकाशन २००८ सालमा भएको हुँदा त्यसभन्दा केही अगाडिको समयलाई आधार बनाएर लेखेको देखिन्छ। उपन्यासको प्रत्यक्ष कार्यव्यापारको समय जम्मा १० महिना १८ दिन हो। त्यसमध्ये १० महिना ९ दिनको समय सङ्कुचन गरिएको छ। त्यसैले उपन्यासमा प्रत्यक्ष क्रियाकलाप त जम्मा नौ दिनका मात्रै छन्। ती नौ दिनमा लङ्गडाको जीवनको उत्तरार्ध र उसैसँग सम्बन्धित पक्षको प्रत्यक्ष वर्णन गरिएको छ। पूर्वार्धको सन्दर्भ सङ्क्षेपमा अतीतावलोकनको शैलीमा आएको छ। यसबाट बाङ्देलका उपन्यासमा सबैभन्दा सीमित देशकालको प्रयोग गरी सामाजिक यथार्थको निरूपण गरिएको उपन्यासका रूपमा यो ठहरिन गएको छ।

प्रस्तुत उपन्यास दार्जिलिङको महाकाल बाबाको थानमा झुल्कँदो घामसँगै आरम्भ भएर दार्जिलिङकै मुर्दा पोल्ने ठाउँमा मानिस र कुकुरको जोल्टिएको अस्थिपञ्जर देखाएर टुङ्गिएको छ। ती जोल्टिएका अस्थिपञ्जर उपन्यासका सर्वाधिक महत्त्वपूर्ण पात्र लङ्गडा र उसको साथी कुकुरको रहेको बुझिन्छ। उपन्यासमा त्रास र करुणाको भाव क्रमशः सघन र परिपुष्ट तुल्याउन लङ्गडाको र कुकुरको दुःखद जीवन अवस्थामाथि मर्मस्पर्शी ढङ्गले प्रकाश पारिएको छ। यो क्रममा चोकमन्तिर रक्सी बेच्ने गड्डीखानाको दुर्गन्ध, त्यसैको तलतिर आलुप्याजका बोक्राहरू, कुखुराका फुलका खोस्टाहरू, नालीमा अल्झिएका कसिङ्गरका थुप्राहरूले बनाएको विषाक्त वातावरण, सोही वातावरणमा रहेको लङ्गडा र कुकुर सुत्ने उराठलाग्दो झुप्रो, त्यहाँभित्र बोरा र थाङ्नामा गुटमुटिएर सुत्ने लङ्गडो, उसले लगाउने च्याथ्राच्याथ्रा परेका मैला र गन्हाउने कपडा, हिउँदको सिरेटोले थुरथुर

कामेको उसको शरीर, नीला ओठ, वर्षामा रुझेर मुसाजस्तै नी ओत खोज्दैखोज्दै हिँडेको उसको अवस्था, ओत लाग्न पुग्दा पसलेले सिँढीबाट मुन्ट्याइदिएको मार्मिकता, लङ्गडाको मृत्युपछि कुकुरमा देखिएको छटपटीजस्ता अवस्थाको यथार्थपरक निरूपण उपन्यासमा गरिएको छ।

प्रस्तुत उपन्यासमा सहरी वातावरणका साथै प्रकृतिको सशक्त चित्रण भएको छ। उपन्यासको मूलभावअनुरूप सहरको फोहर मैला, त्यहाँका मानिसहरूका दुर्व्यसन, अश्लीलता, विलासिता हराउँदै गएको मानवीयताजस्ता विविध प्रदूषण र प्रकृतिको सुन्दर र रौद्र रूप पनि आएका छन्। उपन्यास सघन त्रास र करुणाको भावतर्फ अग्रसर भइरहेको हुँदा प्राकृत परिवेश पनि तदनुकूल रौद्ररूपमै बढी केन्द्रित रहेको पाइन्छ। यहाँ कठ्याङ्ग्रिदो जाडो, हुस्सु, कुहिरो र बादलले डम्म छोपिएको पृथ्वी, टन्टलापुरे घाम, घनघोर वर्षा, चर्को मेघगर्जन, बिजुली चम्काइ, हावाहुरी, पानीको एकोहोरो हुङ्कारजस्ता शिशिर तथा वर्षाकालीन भयावह प्राकृतिक परिदृश्य बढी आएका छन्। यसबाहेक उपन्यासमा सीमित ठाउँको विवरण दिँदा पनि मसिना कुराहरू नछुटाई परिस्थितिको स्वाभाविकता र यथार्थताको राम्रो निर्वाह गरिएको पाइन्छ। यस सम्बन्धमा उपन्यासकार लेख्दछन्–

*बाहिरको प्रकाश झुप्रोभित्र छिर्न खोजिरहेको थियो। झुप्रोभित्रको धमिलो उज्यालोमा लङ्गडाले आफ्ना वरिपरिका वस्तुहरू देख्यो – आफ्नो लौरो थियो, भित्ताको कुनापट्टि च्याथ्रा भइसकेका अस्कोट र कमीज थिए। मैलिएर कालै भइसकेको पटुका पनि थियो, एक दुइटा टिनका बट्टाहरू पनि थिए, धुलै धुलोले ढाकिएको भूइँ थियो। आधा च्यातिएको एउटा अखबारको टुक्रा पनि भूइँमा थियो, वरिपरि बिँडी र सलाइका टुक्राहरू छरिएका थिए, काठको आग्लो अनि चारैतिर टिनले बारेको एउटा छाप्रो थियो अनि मास्तिर उही टिनको छानु !* (पृ.४८)।

यस अभिव्यक्तिमा वर्णित लङ्गडाको बासस्थान र त्यहाँभित्र छरिएर रहेका विभिन्न वस्तुका माध्यमबाट उसको गरिबीको अत्यन्तै कारुणिक चित्र प्रस्तुत गरिएको छ। यसमा चित्रित लङ्गडाका जीवनगाथाले तद्देशीय परिवेशको यथार्थ अवस्था प्रस्तुत भएको छ।

## *भाषाशैलीमा निहित सामाजिक यथार्थ*

लङ्गडाको साथी उपन्यासमा पात्रहरूको बाह्य संवादभन्दा लेखकीय सर्वज्ञता शैलीको वर्णन र विवरण धेरै पाइन्छ। त्यसो हुनुमा यसको विषय र पात्रको प्रकृतिले पनि केही काम गरेको छ। लङ्गडो र कुकुर उपन्यासका प्रमुख र सहायक पात्र हुन्। उपन्यास तिनकै क्रियाकलापमा केन्द्रित छ; तर तिनीहरूको प्रत्यक्ष संवाद सम्भव छैन। तिनीहरूबिचको एकल अन्तरसंवाद र समाजले तिनीहरूलाई गर्ने गरेको उपेक्षा, घृणा आदि व्यवहार लेखककै वर्णनमा बढी आएका हुँदा पात्रका निजी बोली न्यून देन्छिन्। यसले गर्दा जनबोलीमा आधारित उखान र टुक्काहरूको प्रयोग त्यति पाइँदैन। तर पनि भाषालाई सरल र वस्तुगत बनाउने प्रयत्न प्रशस्त गरिएको छ। यसैका लागि छोटाछोटा वाक्य, अभिधामूलक कथन, सरल पद र पदावलीको अत्यधिक प्रयोग पाइन्छ। प्रस्तुत उपन्यासमा ठाउँ विशेषमा भेटिने प्रकृतिको मानवीकरणसहितको आलङ्कारिक कथनको प्रस्तुति यसरी गरिएको छ–

*महाकाल बाबाको थान वरिपरि रातभरी शीत र चिसो हावाले काम्न लागेका रूखका पातहरूमा बल्ल सूर्यका पहेँला किरण पर्दा चारैतिर प्रकृति एक्कासि सुनको जलप लाएर हाँसेजस्तो देखियो। धेरै शीतका थोपाहरू रूखका पातमा काम्दै झुण्डिरहेका थिए, ती पनि अहिले त सुनजस्तै भएर चम्किरहेका थिए। गुराँसको बोटका हाँगाहरूमा भर्खरभर्खर गुलाफी र गहिरो रातो रङमा फक्रन लागेका फूलहरू थिए। तिनलाई पनि सूर्यको उष्ण किरणले अहिले नै म्वाइँ खाला खाला जस्तो देखिन्थ्यो* (पृ. २)।

प्रस्तुत कथनमा विशेषतः उपमा, उत्प्रेक्षामूलक आदि अलङ्कारहरूको प्रयोग भएको छ। यस खालको अलङ्कारको प्रयोगले समेत उपन्यास काव्यात्मक जटिलतामा नअल्झिई सरल सरस भएर आएको पाइन्छ। यस्तै टुक्रुक्क (पृ. ४), पुलुक्क, फटफटाउँदै (पृ. ५), टुलुटुलु (पृ. ६), टहटह

(पृ.२२), सेताम्मे (पृ. २५), छाङ्ङै (पृ. ७५) जस्ता द्वित्व र अनुकरणात्मक शब्दहरू, परमेसुर, दोरलिङ, आछापीछा (पृ. २७), बपुरा (पृ. ४२) आदि स्थानीय भाषाका शब्द, चुकजस्तो अन्धार (पृ. १९), निबु निचोरेको जस्तो निस्तेज र क्रान्तिहीन अनुहार (पृ. ५८), लेख्न नजान्ने चित्रकारले कोरेजस्ता आँखीभौँ (पृ. ५९) आदि अगूढ उपमामूलक पदावलीहरूसमेतले भाषालाई सामाजिक यथार्थवादी भाषिक कौशलअनुकूल सरल र सरस तुल्याएका छन्। समग्रमा भन्दा सज्जित गद्य नभएर सरल, सरस गद्य वा संवृत रूपविन्यास नै यसमा रहेको छ।

शैलीविन्यासका कोणबाट हेर्दा उपन्यासको कथावस्तु माग्ने अथवा लङ्गडाको केन्द्रीयतामा रैखिक शैलीमा क्रमशः अगाडि बढेर नौ परिच्छेदमा टुङ्गिएको छ। उपन्यासको पहिलो परिच्छेद आदि भागका रूपमा देखिन्छ। यसमा प्रमुख पात्र लङ्गडो तथा उसको साथी कुकुरको चिनारीका साथै विपन्न र शारीरिक रूपमा अशक्त लङ्गडाले विषाक्त वातावरणका बिच उराठलाग्दो झुप्रोमा गुडुल्किएर जीवन काट्नुपरेको सङ्कटलाई देखाइएको छ। यो उपन्यासको दुईदेखि सात परिच्छेद मध्य भागका रूपमा आएको छ। यसमा मानिसहरूले लङ्गडाका बिग्रेका अङ्गहरू देखेर ठट्टा गर्नु, उसको दु:ख देखेर हाँस्नु, स्कुले बदमास केटाहरूले उसलाई भुइँभालु भनेर जिस्क्याउनु जस्ता थप अनेकन् सङ्कटका साथै राति ओत बस्न गएको लङ्गडालाई पसलेले घिसार्दै लगेर ठाडो सिँढीबाट तल मुन्ट्याइदिँदा गम्भीर घाइते भएको जस्ता चरम सङ्कट पनि प्रस्तुत गरिएको छ। यस्तै आठ र नौ परिच्छेद अन्त्य भागका रूपमा आएका छन्। यसमा लङ्गडो मर्नु र उसको बिछोड सहन नसकी कुकुर पनि मरणासन्न अवस्थामा पुग्नु जस्ता सङ्घर्ष ह्रास र आत्मीय ती दुवैको अस्थिपञ्जर जेलिएको पाइनुजस्तो उपसंहारको स्थिति बयान गरिएको छ। कथानकमा शृङ्गारिक रागात्मकता नरही कारुणिकताको सघन प्रसार छ। यसमा लङ्गडाको उत्तरार्ध जीवनसन्दर्भले नै बढी स्थान पाएको छ। पूर्वार्धको जीवनसन्दर्भ सारै छोटोमा अतीतावलोकन वा पूर्वदीप्ति शैलीमा आएको छ। कथानकले एकपछि अर्को लङ्गडाद्वारा बेहोरिएको सामाजिक दुरवस्थाका माध्यमद्वारा सामाजिक कुरूपता अथवा अमानवीयतालाई विशेष महत्त्वका साथ देखाएको छ। प्रस्तुत उपन्यासमा लङ्गडो, कुकुर र लङ्गडालाई सताउने सामाजिक सदस्य गरेर महत्त्वपूर्ण पात्र सीमित मात्र छन्। तिनकै क्रियाकलापमा उपन्यास केन्द्रित छ। यस्ता कारणले उपन्यासको आकार सानो बनेको छ। तर उपन्यासमा पात्रको अन्तर्बाह्य चरित्रलाई सूक्ष्मनिरीक्षणसाथ प्रस्तुत गरिएको छ। यस क्रममा स्वप्नमनोविज्ञान तथा अवचेतन मनका अशृङ्खलित तरङ्गहरूलाई पनि उपयोग गरिएको पाइन्छ र लङ्गडालाई उसकै अन्तरबाट अवलोकन गर्ने काम भएको छ।

लङ्गडाको साथी उपन्यासमा कथानक, चरित्र तथा परिवेश विधानमा वर्णनात्मक विधिकै प्रबलता छ। वर्णनात्मक विधिमा आवश्यकताअनुसार सूक्ष्मावलोकन र विहङ्गावलोकन पद्धति उपयोग भेटिन्छ। यस्तै उपन्यासको मूलभावअनुकूलको प्रदूषित स्थानीय वातावरण र अनुदार सामाजिक परिवेशलाई विशेष महत्त्वका साथ प्रतिपादन गरिएको छ। उपन्यासमा बाह्य सर्वज्ञ दृष्टिविन्दुको उपयोग छ। यसैका माध्यमबाट माग्ने लङ्गडाको कारुणिकता र समाजको असहिष्णु तथा अनुदार वा अमानवीयता निरूपण भएको छ। अर्थसापेक्ष आधारभूत रूपमा अभिधात्मक नै पाइन्छ र पनि यदाकदा सामाजिक कुरूपतालाई व्यङ्ग्यात्मक ढङ्गमा पनि प्रकट गरिएको छ। समग्रमा भन्दा उपन्यासमा सरल–सरस भाषाशैलीको उपयोगद्वारा उपन्यासलाई सामाजिक यथार्थअनुकूल बनाइएको छ।

## *निष्कर्ष*

लङ्गडाको साथी उपन्यास दुई छाककै समस्याले गर्दा मुग्लान पसेका नेपालीहरूको दारुण कथामा आधारित छ। यसमा दुइटा काठको सहायताले घस्रेर मागी खाने लङ्गडालाई विषयवस्तु बनाएर उसैका जीवनमा घटित सामाजिक यथार्थको चित्रण गरिएको छ। मुग्लानमा जोखिमपूर्ण श्रम गर्दागर्दै दुर्घटनामा परेर दुवै खुट्टा गुमाउन पुगेपछि समाजमा उसले सहानुभूतिहीन, आश्रयहीन, उपेक्षित मानिस भएर बाँच्नु परेको जस्ता यथार्थ विषयको प्रस्तुति भएको छ। प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रहरू र तिनको चरित्रचित्रण सामाजिक यथार्थअनुरूप देखाउने क्रममा उपन्यासको

मूल तथा केन्द्रीय पात्र लङ्गडाको जीवनमा घटेका अनेकन् दुःखद घटनाहरूलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ। यसमा उपन्यासकारले मानवमा मानवीय गुण क्रमशः ह्रास हुँदै गएको अवस्थाप्रति औँलो ठड्याउँदै सबैमा मानवीय गुणको खाँचो रहेको कुरामा विशेष जोड दिएका छन्। यस्तै उपन्यासमा वर्णित लङ्गडाका जीवनगाथाले स्थानिक परिवेशको यथार्थपरक चित्र प्रस्तुत गरेको छ। लङ्गडाले भोगेको पुस, माघको कठ्याङ्ग्रिँदो जाडो, वर्षातको हुरी झरी, भेलबाढी हिलो मैलो र थरिथरि मान्छेका यथार्थ वर्णनले उपन्यास सबल रूपमा सामाजिक यथार्थवादी बनेर देखापरेको छ। यसरी प्रस्तुत उपन्यासमा सामाजिक यथार्थसँग सम्बद्ध विषयलाई कथावस्तु, चरित्र, परिवेश र भाषाशैली जस्ता औपन्यासिक कलात्मक घटकका बुनोटद्वारा जीवन्त रूपमा देखाइएको छ।

## *सन्दर्भ सामग्रीसूची*


जोशी, कुमारबहादुर (२०५५). *'यथार्थवाद', नेपाली साहित्यकोश.* (सं. ईश्वर बराल र अन्य). काठमाडौँ : नेपाल राजकीय–प्रज्ञाप्रतिष्ठान।

पाण्डेय, मैनेजर, (सन् १९९९). 'उपन्यास और यथार्थवाद : एक टिप्पणी'. *हंस.* (जनवरी. पृ. १५)।

प्रधान, कृष्णचन्द्रसिंह (२०२८). 'उपन्यासमा यथार्थवाद'. *प्रज्ञा.*४, पृ. ४५।

प्रधान, कृष्णचन्द्रसिंह (२०७७). *नेपाली उपन्यास र उपन्यासकार.* (छैटौँ संस्क.). ललितपुर : साझा प्रकाशन।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५८). *उपन्यास–सिद्धान्त र नेपाली उपन्यास.* (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन।

बाङ्देल, लैनसिंह ((२०४४). *लङ्गडाको साथी.* काठमाडौँ : रत्नपुस्तक भण्डार।

मिश्र, शिवकुमार (सन् २०००). *दर्शन साहित्य और समाज.* नई दिल्ली : वाणी प्रकाशन।

राई, इन्द्रबहादुर (२०५०). *नेपाली उपन्यासका आधारहरू.* ललितपुर : साझा प्रकाशन।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९). *नेपाली उपन्यासको इतिहास.* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

श्रेष्ठ, दयाराम (२०३८). 'नेपाली कथा र यथार्थवाद' अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय।

सिंह, त्रिभुवन (सन् १९६५). *हिन्दी उपन्यास और यथार्थवाद.* भारत : हिन्दी प्रचारक पब्लिकेसन।

सुवेदी, राजेन्द्र (२०५३). *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति.* वाराणसी : भूमिका प्रकाशन।